# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३२) काठमाडौं, असोज १ गते २०३६ साल (अतिरिक्ताङ्क २५

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरबारको

### सूचना

श्री ५ महाराजाधिराजबाट अधिराज्यमा न्याय निष्पक्ष, सरल र सर्वसुलभ गराउन प्रचलित न्याय व्यवस्था तथा कार्यपद्धतिमा के कस्तो सुधार गर्न आवश्यक छ सो सम्बन्धमा यथार्थ अध्ययन र छानबीन गरी मौसूफका हजूरमा सुझाव प्रतिवेदन चढाउन देहायबमोजिमको शाही न्याय सुधार आयोग गठन गरिबक्सेको छ ।

१. गठनविधिः

(क) सरदार श्री ईश्वरीराज मिश्र, अध्यक्ष न्यायिक समिति– अध्यक्ष

(ख) माननीय श्री राधेश्याम कमारो, सदस्य राष्ट्रिय पञ्चायत– सदस्य

(ग) श्री सुरेन्द्रबहादुर बस्नेत– सदस्य

(घ) श्री केदारनाथ उपाध्याय, वरिष्ठ अधिवक्ता महान्यायाधिवक्ताको कार्यालय– सदस्य

(ङ) श्री हरिप्रसाद शर्मा, सह-सचिव, कानून तथा न्याय मन्त्रालय– सदस्य-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. आयोगले सर्वोच्च अदालत र सोअन्तर्गतका अदालतहरू, अख्तियार दुरुपयोग निवारण पुनरावेदन अदालत, अख्तियार दुरुपयोग निवारण आयोग, महान्यायाधिवक्ता र सोअन्तर्गतका कार्यालयहरू, न्यायिक निर्णय गर्ने अधिकार पाएका विभिन्न तहका सरकारी कार्यालयहरू, विशेष प्रहरी विभाग, र सरकार वादी भई दायर हुने मुद्दासंग सम्बन्धित प्रहरी कार्यालयमा समेत आवश्यकता अनुसार अध्ययन गर्न सक्नेछ ।

३. आयोगले न्याय प्रशासनसंग सम्बन्धित कानूनहरू र तिनीहरूको प्रयोग विषयमा समेत अध्ययन गर्न सक्नेछ ।

४. आयोगले गर्ने कामका सम्बन्धमा अपनाउनु पर्ने कार्यविधि आफै व्यवस्थित गर्न सक्नेछ र आयोगको कार्यसंग सम्बन्धित तथा अन्य सरकारी कार्यालयसंग पनि आयोगले आवश्यक सहयोग लिन सक्नेछ ।

५. आयोगको कार्यअवधि २०४० साल वैशाख १ गतेसम्म हुनेछ ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

३२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।